आज मिति २०८०।१०।२१ गते आईतबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नरपालिकाको नगर कार्यपालिकाको आ.ब. २०८०/०८१ को ९ औं बैठक तपसिलका पदाधिकारीहरुज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | ९८५२८३५१६६ | |
| २ | श्री मणिका देवि दुलाल | नगर उपप्रमुख | ९८५२८३५५२८ | |
| ३ | श्री सुभाकर पौडेल | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री सिताराम राई | अध्यक्ष वडा नं. १ | ९८५१२०८३१३ | |
| ५ | श्री हरि बहादुर खड्का | अध्यक्ष वडा नं. २ | ९८४२९२७५४७ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५ | |
| ७ | श्री लुङ्गाराज राई | अध्यक्ष वडा नं. ४ | ९८१०५७९२२९ | |
| ८ | श्री तुलसिराम ढकाल | अध्यक्ष वडा नं. ५ | ९८४१५१८५८०<br>९८५२८४४००८ | |
| ९ | श्री अम्बर बहादुर खड्का | अध्यक्ष वडा नं. ६ | ९८०६१५५८७७९ | |
| १० | श्री केशव अधिकारी<br>का.वा. श्री बलराम मगर | अध्यक्ष वडा नं. ७ | ९८६२८४४६६६ | |
| ११ | श्री भगनाथ कुमार मगर | अध्यक्ष वडा नं. ८ | ९८४०९२८६०७ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री धर्मेन्द्र कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८१६७०७०५१<br>९८६३८२८०४९ | |
| १४ | श्री उदयराज भुजेल | नगर कार्यपालिका सदस्य | ९८४२८३१८९२ | |
| १५ | श्री जय कुमार राई | नगर कार्यपालिका सदस्य | ९८१५७१४७१५ | |
| १६ | श्री माधव सार्की | नगर कार्यपालिका सदस्य | ९८२६७००३२८ | |
| १७ | श्री तिलावती राई | नगर कार्यपालिका सदस्य | ९८४३४६६२७५ | |
| १८ | श्री सुस्मा राई | नगर कार्यपालिका सदस्य | ९८६२९१८६९९ | |
| १९ | श्री स्मृति तोलाङ्गी सुयल | नगर कार्यपालिका सदस्य | ९८०५९९७७३३ | |
| २० | श्री जानकी देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१५७००९०३ | |
| २१ | श्री शान्ति देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१९९१००३८ | |

आमन्त्रीत उपस्थिति :-

१. श्री सत्यनारायण हुजदार - सूचना अधिकारी - ९८५२८४४०७३

प्रस्तावहरु

१) स्वीकृत दरवन्दीको रिक्त पद लोक सेवा आयोगमा माग गर्ने सम्बन्धमा ।

२) संघीय समपुरक अनुदान र संघिय विशेष अनुदानका लागि आयोजना छनौट गरी पठाउने सम्बन्धमा ।

३) सहज नेपालसँग म्याद थपको अनुमोदन सम्बन्धमा ।

४) आर्थिक सहायता सम्बन्धमा (आगलागी पिडित/जंगली हात्ती पिडित/ विपन्न नागरिक परिवार तथा अन्य आर्थिक सहायता र भजन किर्तन समूह) ।

५) नेपाल सरकारका सम्बन्धित निकायमा खानेपानी र झोलुङ्गे पुल आयोजनाका लागि बजेट माग सम्वन्धमा ।

६) उदयपुर जिल्ला अदालतको फैसला कार्यान्वियन गर्ने सम्बन्धमा ।

७) नदीजन्य पदार्थको स्थानीय राजस्व बाँडफाडको रकम खोलाहरुमा तडबन्ध योजनाहरुमा खर्च गर्नका लागि स्रोत विभाजन सम्बन्धमा ।

८) रसुवा-एस. एन. एस. पप्पु जे. भि. को माग पत्र सम्बन्धमा ।

९) सुरक्षित नागरिक आवास कार्यक्रम मांग गर्ने सम्बन्धमा ।

१०) विविध ।

क) मगर भुम्या स्थान निर्माण व्यबस्थापन समितिले गरेको कार्यक्रम सम्बन्धमा ।

ख) निस्क्रिय सहकारी संस्था खारेजी र भुक्तानी फर्छयौर्टको सूचना प्रकाशित गर्ने सम्बन्धमा।

ग) सूचना अधिकारी सत्य नारायण हुजदारलाई नदीजन्य निर्माण सामग्री लगायतको पाक्षिक तथा मासिक प्रतिवेदन प्रमाणित गर्ने जिम्मेवारी दिने।

घ) समायोजन भएका लेखा अधिकृत सम्बन्धमा ।

ङ) धान पकेट क्षेत्रको कार्यक्रम सम्बन्धमा ।

च) प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।

छ) योजना कार्यान्वयन सम्बन्धमा ।

निर्णयहरु:

१) यस नगरपालिकाको स्वीकृत संगठन संरचना अनुसारको स्थायी पदपूर्तिका लागि मिति २०८०।०४।१४ को कार्यपालिका बैठकको निर्णयानुसार मिति मा प्रदेश लोक सेवा आयोगमा माग आकृति फाराम भरी पठाएको भए पनि हालसम्म कुनै पनि कर्मचारी स्थायी नियुक्तिको लागि सिफारिस भइ नआएकोले साविक माग गरेका रिक्त पद र सो भन्दा पछाडि रिक्त हुन आएका पशुसेवा शाखा प्रशासन शाखा स्वास्थ्य संस्थाहरुका तपसिल अनुसारका पदहरु कोशी प्रदेश लोक सेवा आयोगमा पदपूर्तिका लागि अनुरोध गर्ने र पदपूर्ति भइ नआएसम्मका लागि अति आवश्यक काम गर्न नभई नहुने पदमा कोशी प्रदेश स्थानीय सेवा ऐन, २०८० ले स्थायी पद लोक सेवा आयोगमा माग गरेपछि मात्र करार सेवाबाट प्रचलित कानून अनुसार करार सेवामा पदपूर्ति सकिने व्यवस्था रहेकोले साविकमा लोक सेवा आयोग माग गरेको पदमा दोहोरो नपर्ने गरी चालु आर्थिक वर्षमा रिक्त भएका पदपूर्तिका लागि लोक सेवा आयोग कोशी प्रदेशमा माग गर्ने सर्वसम्मत निर्णय गरियो ।पदपूर्तिका माग गर्ने तालिका यस प्रकार रहेको छ।

CamScanner

# अनुसूची-१

## नियम ३ को (१) सँग सम्बन्धित

## रिक्त पदपुर्तिको लागि माग गर्दा भर्नुपर्ने फाराम

माग गर्ने कार्यालयको नाम र ठेगाना चौदण्डीगढी नगरपालिका,वेल्टार,उदयपुर ।

| १ | २ | ३ | ४ | ५ | ६ | | ७ | ८ | | | | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | माग पदको नाम | पद,श्रेणी र तह | सेवा/समूह/उप समूह | स्थायी/अस्थायी | आवश्यकता न्युनतम शैक्षिक योग्यता | | संक्षिप्त कार्य विवरण र उम्मेदवारले शुरुमा काम गर्नु पर्नुपर्ने जिल्ला | अघिल्लो दुई आ.व.मा माग भई पुर्ति हुन बाँकी पदसंख्या – | | यस आ.व.को माग नयाँ पद सृजना वा रिक्त भई माग गरिएको संख्या | | कुल माग पद संख्या | कैफियत |
| | | | | | खुला | बढुवाको लागि | | आ.व.२०७६/०७७ | आ.व.२०७७/०७८ | नयाँ पद सृजना | रिक्त | | |
| १ | इन्जिनियर | छैठौ | इन्जिनियर/सिभिल | स्थायी | खुला | | चौ.न.पा.वेल्टार,उदयपुर | | | | १ | १ | |
| २ | अ.सब इन्जिनियर | पाचौं | इन्जिनियर/सिभिल. | स्थायी | खुला | | चौ.न.पा.वेल्टार,उदयपुर | | | | ४ | ४ | |
| ३ | सहायकस्तर पाचौं | पाचौ | प्रशासन | स्थायी | खुला | | चौ.न.पा.वेल्टार,उदयपुर | | | | १ | १ | |
| ४ | पशु स्वास्थ्य प्राविधिक | पाचौ | नेपाल कृषी भेटरीनरी | स्थायी | खुला | | चौ.न.पा.वेल्टार,उदयपुर | | | | १ | १ | |

२) आ व २०८१।०८२ का संघीय समपुरक र संघीय अनुदानका लागि निम्नानुसार आयोजना कार्यक्रममको प्रस्ताव तयार गरी २०८० माघ मसान्तभित्र माग गर्ने सर्वसम्मत निर्णय गरियो।

क. संघीय समपुरक अनुदानका लागि चालु आर्थिक वर्षमा कार्यान्वयन हुँदै गरेको पूर्वाधार तर्फको नयाँ आयोजना कुल लागत ५करोड ८१ लाख छैसट्ठी हजारको **"वर्षे डाँडा समिचोक मकमडाँडा हुँदै कुसुमचौरी सडक स्तरोन्नती ता कालो पत्रे गर्ने सडक आयोजना"** तीन वर्षमा सम्पन्न गर्ने गरी गत आर्थिक वर्षमा माग गरिएको र आगामी आर्थिक वर्ष २०८१।०८२ का लागि पनि क्रमागत रुपमा सोही आयोजनाको अधिकांश कार्य बाँकी नै रहेको र सो आयोजनाको लागत अनुमान रु. ५ करोड ८१ लाख ६६ हजार रहेकोमा चालु आ. व. २०८०।०८१मा सो मध्ये जम्मा रु. ६२ लाख विनियोजन भई आएको र सो बजेटबाट उक्त आयोजना कार्यान्वयन गर्न टेण्डरको सूचना निकाली सकिएको छ। उक्त बजेटबाट सडक पिचको कार्य गर्नुपर्ने। सो कार्य गर्न पूर्वाधार निर्माण भई सकेकोले ठेक्का संझौता हुनासाथ कार्य सुरु हुने र आगामी वर्षमा समेत पिचको काम नै गर्नुपर्ने भएकोले आगामी आर्थिक वर्ष २०८१।०८२ का लागि रु ५ करोड १६ लाखको काम सम्पन्न गर्ने र सोको पचास प्रतिशतले हुन आउने बजेट रु. २ करोड ५८ लाख माग गर्ने सर्वसम्मत निर्णय गरियो।

ख. संघीय विशेष अनुदान तर्फ गत आर्थिक वर्ष २०७९।०८० मा माग गरेको बजेट चालु आर्थिक वर्ष २०८०।०८१ मा कार्यान्वयन हुने गरी स्वीकृत भएको कुसुम चौरी खानेपानी आयोजना नयाँ आयोजना रहेको र सोको परियोजना अवधि २ वर्षे रहेको साथै कुल लागत रु. १ करोड ६७ लाख रकमकोमा सो आयोजना नयाँ कार्यक्रमको रुपमा सञ्चालन गर्नको लागि चालु आर्थिक वर्ष २०८०।०८१मा रु.६२ लाख बजेट विनियोजन भएको र कार्यान्वयन गर्न टेण्डर आव्हान भई सकेको छ।उक्त आयोजनाको कमाण्ड एरियामा चालु आर्थिक वर्षका लागि विनियोजित बजेटबाट नै आयोजना सम्पन्न हुने हुँदा यस अनुदान तर्फ नयाँ आयोजना माग गर्न सकिन्छ।विशेष अनुदान माग गर्दा नगरपालिकाले पचास लाखदेखि १० करोडसम्मको आयोजना माग गर्न सकिने व्यवस्था विशेष अनुदान कार्यविधि,२०७७ ले गरेको छ। माग गर्ने सकिने आयोजनाको मुलभूत क्षेत्र मध्ये सामाजिक न्याय र समावेशीकरण एक क्षेत्र हो र सो लगायत अन्य क्षेत्रमा समेत प्रत्यक्ष अप्रत्यक्ष योगदान पुग्न सक्ने डि. पि. आर.समेत भएको वडा नं २ मा अवस्थित **Refreshment and local product collection com selling center** आयोजना निम्न कार्य गर्ने गरी नयाँ आयोजनाको रुपमा माग गर्ने सर्वसम्मत निर्णय गरियो।उक्त आयोजना निम्न सुविधा उपलब्ध हुने गरी निर्माण गरिने छ।

क. आयोजनाको निर्माण स्थल मदन भण्डारी लोक मार्गमा पर्ने भएकोले सो लोक मार्ग भई यात्रा गर्ने यात्रुहरुलाई स्थानीय उत्पादनबाट बनेका खाना खाजा खुवाउने।

ख. स्थानीय उत्पादनहरु बेसार,अदुवा, केरा,चनमचुर चामल, मसुरो, खेसरीको दाल, आलस सिमल तरुल लगायतको बिक्री कक्ष राख्ने र स्थानीय उत्पादन र उत्पादकत्व बृद्धिमा जोड दिने।

ग. नेपाल सरकारको विद्युतिय सवारी साधन प्रवद्धन गर्ने नीति रहेको र सो लोकमार्ग भइ प्रशस्त सवारी साधन गुड्ने हुँदा विधुतीय सवारी साधनको चार्जिङ्ग स्टेशन राख्ने।

घ. यस नगरपालिकामा ५० हजार भन्दा बढी जनसंख्याको बसोवास रहेको र राई,मगर,चौधरी लगायतका जनजाती समेत रहेको हुँदा हप्तामा एक दिन फरक फरक समुदायको सांस्कृतिक तथा मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्ने।

ङ. चालु आर्थिक वर्षदेखि नै अदुवा र बेसारको ब्राण्डिङ्ग गर्ने कार्यको समेत शुरुवात हुने र अन्य स्थानीय उत्पादन समेतलाई प्रवर्दन गर्ने नगरपालिकाको कृषि विकास रणनीति समेत निर्माण भएसकेकोले सो नीतिका कार्वान्यिनमा सहयोग पुर्‍याउने आयोजनाको रुपमा सञ्चालन गर्ने।

च. यस आयोजनामा फन पार्क सशुल्क निशुल्क समेत निर्माण गरिने ,सशुल्क स्नान कक्ष जेष्ठ नागरिकको लागि आराम मनोरञ्जन कक्ष, व्यायामशाला, भविष्यमा संभाव्यता हेरी स्वीमिङ्ग पुल समेत निर्माण गर्न सकिने हुँदा यो नगरपालिका र यसका छिमेकी नगरपालिका बेलका, त्रियुगा, सप्तकोशी, बराह क्षेत्र लगायतबाट बालवालिकाहरु मनोरञ्जनका लागि यस स्थानमा आउन सक्ने।

CS CamScanner

छ. यो नगरपालिकामा ऐतिहासिक स्थल चौदण्डीगढी रहेको यसका अतिरिक्त चौदण्डीगढीमा प्याराग्लाईडिङ्ग समेत परिक्षण भइ सकेको हुँदा सोलाई प्रवर्द्धन गर्ने समेत नगरपालिकाको कार्यक्रम रहेकोले यी क्षेत्रलाई समेत जोड्ने क्षमता यो आयोजना कार्यक्रमले राख्ने हुँदा पहिलो प्राथमिकतामा यस आयोजनालाई विशेष अनुदानको आयोजना कार्यक्रम प्रस्ताव गरी माग गर्ने ।

यस आयोजना प्रस्ताव स्वीकृत भइ संचालनमा आउँदा रोजगारी स्वरोजगारी अवस्था निम्नानुसार रहने।

विक्रि कक्षमा काम गर्ने एक जना शौचालय स्नान कक्ष सरसफाई गर्ने एक जना खाना तथा खाजा खुवाउने काम गर्ने खाना पकाउने एक जना सरसफाई गर्ने एक जना, खाना खाजा दिने २ जना, भुक्तानी लिने एक जना ,स्थानीय उत्पादनहरु विक्रि कक्ष र खानाखाजा विक्रि स्थानमा नगरपालिकाका विभिन्न वडाबाट ल्याउने दुई जना फन पार्क सञ्चालन र टिकट विक्रि गर्ने एक एक जना गरी दुई जना साप्ताहिक स्थानीय सांस्कृति कार्यक्रम प्रदर्शन गर्ने ४ वटा जातिय समुहको प्रत्येक समुहमा १० जना गरी ४० जना सुरक्षा गार्ड एक जना गरी ५० जना भन्दा बढीले प्रत्यक्ष रोजगारी स्वरोजगारी पाउने तथा स्थानीय उत्पादन सहजै विक्रि हुने भए पछी कृषि क्षेत्रमा काम गर्ने किसानहरु उत्पादन र उत्पादकत्व बढाउन उत्प्रेरित हुने हुँदा थुप्रै किसानहरु स्वरोजगार हुने हुँदा यो निकै महत्वपूर्ण नगर गरौवको आयोजना भएहोले पहिलो प्राथमिकतामा राखी माग गर्ने साथै अन्य संभाव्य निम्न आयोजना प्रस्ताव समेत माग गर्ने सर्वसम्मत निर्णय गरियो।

चटपटेटोल बसाहाथान हुदै बर्खेडाँडा जाने सडक चौ. न. पा. ४

३. सहज नेपालसँग नगरपालिकाले कृषि क्षेत्रसँग सम्बन्धित बजार व्यवस्थापन लगायतको कार्य गर्ने गरी भएको संझौताको म्याद मितिमा सहि भएको र संझौता बमोजिम गर्नुपर्ने केही काम बाँकी नै रहेकोले मिति २०८०।०९।०६ को नगरप्रमुखस्तरको निर्णयबाट भएको म्याद थप आजको बैठकबाट अनुमोदन र सदस्यहरुलाई जानकारी दिन आवश्यक भएकोले जानकारी प्राप्त गरी उक्त निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

४. यस नगरपालिकामा विपद व्यबस्थापन तर्फ आगलागी, जंगली हात्ती पिडित लगायत विभिन्न भजन मण्डलीबाट आर्थिक सहयोगको लागि माग भई आएकोमा तपशिल बमोजिम आर्थिक सहायता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

क) आगलागी पीडित परिवारलाई आर्थिक सहयोग सम्वन्धमा ।

विभिन्न मितिमा यस नगरपालिका विभिन्न वडाहरुमा भएका विपद्जन्य घटनाहरुबाट पीडित व्यक्तिहरुलाई राहत उपलब्ध गराउने व्यवस्थाको लागि सम्बन्धित वडा कार्यालहरुबाट सिफारिस भई आएको हुँदा वडाको सिफारिस तथा प्रहरी सर्जमिन मुचुल्का लगायतका आधारमा पीडितको आर्थिक अवस्था समेतलाई मध्यनजर गरी राहतस्वरुप नगरपालिकाबाट विनियोजित बजेट शिर्षक **विपद व्यवस्थापन भैपरी तथा तारजालीबाट** तपसिल वमोजिमको आर्थिक सहायता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिलः-

| क्र. सं. | माग गर्ने व्यक्ति /समुह | क्षतिको प्रकार | निर्णय रकम | कैफियत |
|---|---|---|---|---|
| १ | तोप बहादुर दनुवार चौ. न. पा. १० ईक्राहा | आगोलागी | २५०००।- | |
| २ | बम बहादुर कटवाल चौ. न. पा. २ | आगोलागी | ४००००।- | |
| ३ | मणि कुमार राई चौ. न. पा ४ | आगोलागी | ४००००।- | |

ख) भजनकिर्तन समूहलाई आर्थिक सहयोग

चौ. न. पा. का विभिन्न वडाका विभिन्न समूह /व्यक्तिहरुले यस नगरपालिकामा भजनकिर्तनको लागि आवश्यक सामाग्री माग भई आएकोले यस नगरपालिकामा चालु आ.व. २०८०/०८१ मा विनियोजित भजन किर्तन समूहलाई सामाग्री खरिदबाट तपसिलका समूह /व्यक्तिलाई तपशिल बमोजिम रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरीयो।

CS CamScanner

तपशिल

| क्र.सं. | माग गर्ने व्यक्ति समुह | चौ. न. पा. बाट निर्णय भएको रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | सक्रिय भजन किर्तन मण्डली चौ. न. पा. -१० | २५०००।- | |
| २ | हडिया बजार चन्द्र सुर्य भजन कृतन मण्डली चौ. न. पा. १० | २००००।- | |
| ३ | शिवशक्ती भजन कृतन मण्डली शिवनगर चौ. न. पा. १० | १५०००।- | |
| ४ | विश्वज्योती भजन कृतन मण्डली चौ. न. पा. ९ | १५०००।- | |
| ५ | शिव पार्वती कृतन मण्डली चौ. न. पा. ५ | २००००।- | |
| ६ | राधाकृष्ण कृतन मण्डली चौ. न. पा. १ | २५०००। | |
| ७ | सुरक्षा टोल विकास संस्था भजन कृतन मण्डली चौ. न. पा. १० | १५०००।- | |
| ८ | राधाकृष्ण कृतन मण्डली चौ. न. पा. ९ ज्यामिरे | १५०००।- | |
| ९ | शिव वावा कृतन मण्डली चौ. न. पा. १० देवधार | २५०००।- | |
| १० | गोविन्द ब. खत्री अध्यक्ष (पन्चेश्वर भजन कृतन, भगवती भजन कृतन, राधाकृष्ण भजन कृतन र अजगरा भजन कृतन समूह) चौ. न. पा. -९ | ३००००। | |

५ खानेपानी आयोजना र झोलुङ्गे पुल आयोजना माग गर्ने सम्बन्धमा।
समस्या रहेको हुँदा खानेपानी व्यबस्थापन गर्न साथै त्रियुगा नदी र अन्य खहरे खोलाहरुमा वर्षा समयमा आउने बाढीका कारण दैनिक जनजीवन नै प्रभावित हुने र विरामी मानिसहरु समयमा औषधी उपचार नपाएर ज्यानै जाने जोखिम समेत रहेकोले धेरै स्थानमा झोलुङ्गे पुल निर्माण गर्न आवश्यक रहेको भएता पनि प्राथमिकताको आधारमा तपशिलको स्थानहरुमा तत्काल खानेपानी तथा झोलुङ्गे पुल व्यवस्थापन गर्नु पर्ने देखिएकोले नेपाल सरकारका सम्वन्धित निकायमा खानेपानी तथा झोलुङ्गे पुल योजना माग गर्ने सर्वसम्मतबाट निर्णय गरियो।
तपशिलः

क) खानेपानी तर्फ योजनाहरुः

यस नगरपालिका क्षेत्रमा विभिन्न वडा वस्ती तथा टोलहरुमा आधारभूत तहको खानेपानी उपलब्ध गराउने प्रयास हुँदा हुँदै पनि भौगोलिक र जनसंख्याको हिसावले ठूलो नगरपालिका रहेको नगरपालिकाका १० वटा वडा मध्ये ३ वटा वडा त्रियुगा नदी पारी ७ वटा वडा सो नदी वारी रहेको कारण एउटै बृहत खानेपानी आयोजनाले सबै नगरवासीलाई समेट्न नसकिने कारण फरक फरक टोल बस्तीमा छुट्टा छुट्टै खानेपानी आयोजना आवश्यक पर्ने हुन्छ आवश्यकता र संभाव्यताबीच तालमेल नमिल्दा निकै टाढाका मुहानबाट खानेपानी उपलब्ध गराउनु पर्दा लागत बढी लाग्ने र धेरै वस्तीलाई समेत खानेपानी उपलब्ध गराउन समस्या हुने कारण केही निश्चित बस्ती टोललाई समेटी साना साना खानेपानी आयोजना आवश्यक पर्ने हुँदा यस नगरपालिकाको लागि तत्काल मध्यपहाडी लोकमार्ग आसपासको क्षेत्र समेत पर्ने लामा खोला क्षेत्रमा सतह मुनीको पानी निकाली उपलब्ध गराउन यस आयोजना आवश्यक देखिएकोले सर्वसम्मतिबाट यो आयोजना संघीय सरकारको सम्बन्धित मन्त्रालयमा माग गर्ने निर्णय गरियो।

- लामा खोला बोरिङ्ग लिफ्टीङ्ग खानेपानी आयोजना बर्खे क्षेत्र वडा नं ४
- सुन्दरपुर खानेपानी आयोजना चौ. न. पा. वडा नं. ५
- हडिया खानेपानी आयोजना चौ. न. पा. वडा नं. १० र ९

ख) झोलुङ्गे पुल आयोजना

यस नगरपालिका भौगोलिक र जनसंख्याको हिसाबले ठूलो नगरपालिका रहेको नगरपालिकाका १० वटा वडा मध्ये ३ वटा वडा त्रियुगा नदी पारी ७ वटा वडा सो नदी वारी रहेको त्रियुगा नदी वर्षायाम निकै ठुलो हुने हुँदा झोलुङ्गे पुल बिना तर्न असम्भव रहेको हाल फत्तेपुर सप्तरी र उदयपुर जिल्लाको सीमाना मोटररेवल पुल रहेको तयसै गरी जोगी दह र त्रियुगा नगरपालिका जोड्ने गरी सवारी साधन चल्ने पुल रहेको करीव ६० किलो मिटरको दुरीमा कतै पनि झोलुङ्गे पुल नभएकोले विमार वा आपतकालिन समयमा छिटो गरी उपचार उद्धार गर्न सकिने अवस्था भएकोले बर्षेनी मानिसहरु उपचार अभावमा समेत मृत्युवरण गर्न विवश छन्। एकै नगरपालिकाका वडा वस्तीहरु एउटा झोलुङ्गे पुलको अभावमा दुई देशका सीमाना जस्ता भएका छन्। त्यसारण एक अर्का वडाबीचको सामिप्यता बढाउन र समयमै उपचार दिलाई नागरिकको ज्यान बचाउन त्रियुगा नदीमा तपसिलका स्थानमा झोलुङ्गे पुल निर्माण गर्न अति आवश्यक भएकोले नेपाल सरकारको सम्बन्धित मन्त्रालयमा फोलुङ्गे पुल आयोजना माग गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

- त्रियुगा नदीमा हडिया- भिमा जोड्ने झोलुङ्गे पुल चौ. न. पा.-९
- त्रियुगा नदीमा सुन्दरपुर-खेरा जोड्ने झोलुङ्गे पुल चौ. न. पा.-५

६ यस नगरपालिकावाट नदिजन्य पदार्थको आ.व.२०७९/८० ठेक्का .न.७/०७९/८० ग्रावेल/ढुंगा उत्खनन, संकलन तथा विक्रि वितरण गर्ने कार्यको लागि न.पा.को द्वारखोला वडा न.५,६,७,८ र देवधारखोला वडा न.१० को ठेक्का प्रक्रिया मार्फत ठेकेदार कम्पनी श्री शुभ प्रभात एण्ड प्रतिभा निर्माण सेवा राजविराज न.पा.-९ सप्तरीसँग रु १०६२५०००। मु अ कर वाहेकमा ठेक्का सम्झौता भई उत्खनन कार्य अगाडि बढाईएकोमा केही स्थानीय व्यक्तिहरुले उत्खननमा अवरोध गरेको र उक्त क्षेत्रको स्वीकृत IEE प्रतिवेदन अनुसार ठेक्का परिमाणको नदिजन्य पदार्थ उत्खनन गर्ने सम्वन्धमा जिल्ला अनुगमन समितिवाट समेत नगरपालिकाको आन्तरिक विवादहरु प्रचलित कानून वमोजिम तहाँ पालिकावाटै समाधान गर्नु भनी प्रतिवेदन पेस हुन आएको र यसमा नगरपालिकाको पहलमा सम्वन्धित वडा,टोल विकास संस्थाहरु,राजनीतिक दल र सरोकारवाला व्यक्ति तथा निकायहरुको उपस्थितिमा पटक पटक वैठक वसी सहमतिको लागि प्रयास गरिएकोमा सहमति हुन् नसकेको र सम्वन्धित वडा कार्यालयहरुवाट समेत सम्वन्धित ठेकेदारलाई नदिजन्य पदार्थ उत्खनन तथा विक्रि निकासी गराउन नसकिएको भनी सिफारिस र मुचुल्का लेखी आएको सो सम्बन्धमा उक्त ठेक्का रद्द गर्ने र ठेकेदारले ठेक्का सम्झौताको समयमा यस नगरपालिकाको विभाज्य कोष खातामा जम्मा गरेको रकम रु.५३,२५,०००/- फिर्ता गर्ने र करदाता सेवा कार्यालयमा जम्मा गरेको १३ प्रतिशत मू.अ.कर रकम रु.५,५२,५००/- समेत नियमानुसार फिर्ता गर्न सिफारिस गर्ने साथै श्री सनराईज वैंक लिमिटेड शाखा कार्यालय राजविराज न.पा.-९ सप्तरीको यस नगरपालिकाको नाममा जारी भएको सो कम्पनीको रकम रु ५३,००,०००/- को वैंक जमानत पत्र फुकुवा गरिदिने भनि यस नगरपालिकाको कार्यपालिकाको आ.व.२०७९।८० को १४ औं वैठकमा मिति २०७९।१२।२२ गते निर्णय भएको देखिन्छ।

यस सम्वन्धमा उदयपुर जिल्ला अदालतवाट मिति २०८०।०९।२९ गते मु.न.०८०-cp-००२४ मा यस चौदण्डीगढी नगरपालिका वेल्टार, उदयपुर र श्री शुभ प्रभात एण्ड प्रतिभा निर्माण सेवा राजविराज न.पा.।९ सप्तरीले नगद जम्मा गर्नु भएको रकम रु ५३,२५,०००। को हकमा मैले मुल्य अभिवृद्धी कर रु ५२५५००। तिरेको कानूनी कारवाहीमा रु ५०0000। खर्च लागेको उपकरणहरुको खर्च रु१४०००००।ब्याज वापत रु ७२५६०४।७८ दावी गरेको अवस्था रहे पनि यी सवै दावी रकम छाडी निजले जम्मा गरेको रकम रु ५३२५००० मात्र फिर्ता लिन अदालतको अनुसतीमा

दुवै पक्षविच मिलापत्र भएकोले उक्त रकम नगरपालिकाको कोषमा मौज्दात समेत रहेको साथै यो रकम गैर कर भएकोले सैद्धान्तिक रुपमा गैर कर बुझाउँदा कुनै सेवा वा वस्तु गैर कर बुझाउने पक्षले पाउनु पर्ने भए पनि यस विवादमा उक्त पक्षले वस्तु संकलन गरी लैजान नपाएको अभिलेखबाट देखिएकोले रहेकोले उदयपुर जिल्ला अदालतमा मुद्दा नं०८०-cp-००२४ दर्ता भएकोमा उक्त मुद्दामा निजहरुको माग दावी बमोजिमको व्याज र क्षतिपूर्ति वाहेक निज ठेकेदारले सम्झौता वमोजिम जम्मा गर्नु भएको नगद रकम मात्र फिर्ता गर्ने शर्तमा सम्मानित उदयपुर जिल्ला अदालतबाट मिलापत्र भई आएको तर उक्त ठेकेदारले बुझिलिई यस नगरपालिकालाई फिर्ता गरेको नगदी रसिद ठेलीमा जम्मा २९२ घन मिटर वरावरको ढुंगा/ग्रावेल समेत विक्रि निकासी भएको अभिलेखबाट देखिन आएको पाईयो। यसमा लिखित प्रमाण यस अघि नै तयार गरी पेश सम्मानित जिल्ला अदालत उदयपुरमा पेश गरेको सरकारी कार्यालयको अभिलेखमा समेत रहेको हुँदा विक्रि निकासी भएको २९२ घन मिटरको सोही समयको आर्थिक ऐन अनुसारको दर प्रति घन मिटर २४० को दररेट अनुसार हुन आउने रकम रु ७०,०८०।– (अक्षरुपी सत्तरी हजार असि मात्र) रकम कट्टा गरी बाँकी हुन आउने रकम रु ५२,५४,९२०।- अक्षरुपी वाउन्न लाख चौवन्न हजार नौं सय वीस मात्र श्री शुभ प्रभात एण्ड प्रतिभा निर्माण सेवा राजविराज न.पा.-९ सप्तरीले कार्यालयमा निवेदन दिई भुक्तानी लिन मञ्जुर गरेकोले यस विषयमा पछि कुनै विवाद नगर्ने शर्तमा अदालतको अनुमतिमा भएको मिलापत्रलाई सम्मान गर्दै श्री शुभ प्रभात एण्ड प्रतिभा निर्माण सेवालाई रु ५२,५४,९२०।- अक्षरुपी वाउन्न लाख चौवन्न हजार नौं सय वीस मात्र राजश्व फिर्ता दिने सर्वसम्मत निर्णय गरियो।

७ नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभाग पुल सेक्टर धरान, सुनसरीको च.न.२९६ मिति २०८०।१०।३ गतेको पत्र र रसुवा-एस.एन.एस.-पप्पु जे.भि.को मिति २०८०।१०।०४ गतेको माग निवेदन अनुसार यस नगरपालिकाको वडा न.१ को कार्यालयबाट सिफारिस भई आए बमोजिम सो आयोजना अन्तर्गत निर्माणाधिन Design and Build of Dudhkoshi (Sunkoshi) River along to Beltat-Ranitar Bhojapur Road,Contract No:BBPCU-DB-3371574-072/73-016 को निर्माण व्यवसायी श्री रसुवा-एस.एन.एस.-पप्पु जे.भि.,काठमाडौंले उक्त पुल निर्माण कार्यका लागि आवश्यक निर्माण सामाग्रीहरु (गिट्टी, वालुवा) उत्खनन तथा ढुवानी गर्नका लागि यस न.पा.को वडा न.१ स्थित घोर्लेचौर उदयपुरमा Crasher तथा washing plant स्थापना र संचालन अनुमति प्रदान गर्न सिफारिस साथ अनुरोध भई आएको छ। ढुङ्गा गिटी वालुवा उत्खखन् तथा विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा १२ को उपदफा २ मा ठूला रुपान्तरणकारी राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनका लागि विशेष व्यवस्था गरेको छ। जस अनुसार यस किसिमका आयोजनाका लागि नदीजन्य पदार्थ उपलब्ध गराउनु पर्दा संबन्धित आयोजना कार्यालयको आवश्यक परिमाण खुल्ने व्यहोराको सिफारिस, सवन्धित निकायले स्वीकृत गरेको वातावरणिय अध्ययन प्रतिवेदन, शुल्क वा दस्तुर तिर्ने प्रतिवद्धता, आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन र आयोजना सञ्चालन गर्ने गरी भएको संझौता लगायतका कागजातको आधारमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले शुल्क वा दस्तुर लिई त्यस्तो नदीजन्य पदार्थ उपलब्ध गराउनु पर्नेछ भन्ने व्यवस्था भएकोमा माथि उल्लिखित कागजात पेश हुन नआएकोले हाल माग भए बमोजिमको अनुमति दिन सकिने अवस्था रहेन। *कागजात प्राप्त भएको भएपछी अर्को बैठकबाट निर्णयमा पुग्ने गरी हाल यो प्रस्तावमा स्थगित गर्ने सर्वसम्मत निर्णय गरियो।*

CamScanner

८ यस नगरपालिकाबाट चालु आर्थिक वर्ष २०८०।८१ का लागि ठेक्का लागेका नदी तथा खोला र ठेक्का नलागेका वालुवा तर्फका अमानतबाट संकलित रकममध्येबाट स्थानीय राजश्व बाँडफाडको रकम खोलाहरुको टडबन्ध योजनाहरुमा खर्च गर्नका लागि श्रोत सुनिश्चित गर्न यस नगरपालिकाको कार्यालयबाट तपसिल बमोजिमका वडा कार्यालयको विभिन्न योजनाहरुमा उपभोक्ता समितिहरुबाट नै काम हुने गरी सो योजनामा रकम छुट्याउने र पाउने रकम नगरसभाको स्वीकृत बार्षिक बजेट **खोला क्षेत्रमा तटबन्धन बाँध निर्माण** शीर्षकको श्रोतबाट नगर प्राविधिक स्टीमेट अनुसार काम भई आएमा अनुगमन गरी र आवश्यक कागजि प्रक्रिया समेत पुरा गरी भुक्तानी दिने निर्णय गरियो ।

**१.नदीजन्य पदार्थ गिट्टी/ढुंगा तर्फको ठेक्का परिमाण र संकलित राजश्व विवरण :-**

| सि.न. | खोला तथा नदीको नाम | गिट्टी/ग्रावेल÷ ढुंगाठेक्कापरिमाण. | जम्मा ठेक्का परिमाण | जम्मा संकलित राजश्व | ४० प्रतिशत रकम प्रदेशमा पठाउने | ६० प्रतिशत रकम बाडफाड योग्य | नगरपालिकामा ६० प्रतिशत राजश्व रकम | वडामा ४० प्रतिशत राजश्व रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | चप्लेटी/भाडीवासखोला वडा २ | २५,००० | २५,००० | ६१,७९,२५० | २४,७१,७०० | ३७,०७,५५० | २२,२४,५३० | १४,८३,०२० | |
| २. | लामाखोला वडा ४ | १०,००० | १०,००० | २४,७१,७०० | ९,८८,६८० | १४,८३,०२० | ८,८९,८१२ | ५,९३,२०८ | |
| ३. | कालीखोला वडा ४ | २,८८७ | २,८८७ | ७,१३,५७९.७९ | २,८५,४३१ | ४,२८,१४७ | २,५६,८८८.२ | १,७१,२०८.८ | |
| ४. | द्वार खोला वडा ५ | १०,००० | १०,००० | २४,७१,७०० | ९,८८,६८० | १४,८३,०२० | ८,८९,८१२ | ५,९३,२०८ | |
| ५. | द्वार खोला वडा ६ | १०,००० | १०,००० | २४,७१,७०० | ९,८८,६८० | १४,८३,०२० | ८,८९,८१२ | ५,९३,२०८ | |
| ६. | देवधार खोला वडा न. १० | १,८२८ | १,८२८ | ४,५१,८२६.७६ | १,८०,७३०.७० | २,७१०९६ | १,६२,६५७.५ | १,०८,४३८.४ | |
| | जम्मा घ.मि. | ५९,७१५ (उन्साठी हजार सात सय पन्ध्र घ.मि) | | १,४७,५९,७५६.५५ | ५९,०३,९०२.६२ | ८८,५५,८५३.९३ | ५३,१३,५१२.३५ | ३५,४२,३४१.५७ | |

**२.नदीजन्य पदार्थ वालुवा तर्फको अमानतमा परिमाण र संकलित राजश्व विवरण :-**

| सि.न. | खोला तथा नदीको नाम | वालुवा परिमाण | जम्मा ठेक्का परिमाण | जम्मा संकलित राजश्व | ४० प्रतिशत रकम प्रदेशमा पठाउने | ६० प्रतिशत रकम बाँडफाड योग्य | नगरपालिकामा६० प्रतिशत राजश्व रकम | वडामा ४० प्रतिशत राजश्व रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | सिवाई रुम्रिगा वडा न.५ | २६३३।३३ | २६३३।३३ | ६,३१,९९९.२ | २,५२,८०० | ३,७९,२०० | २,२७,५१९ | १,५१,६८० | |
| | जम्मा घ.मि. | २६३३।३३ (उन्साठी दुई हजार छ सय तेत्तिस घन मिटर) | | ६,३१,९९९.२ | २,५२,८०० | ३,७९,२०० | २,२७,५१९ | १,५१,६८० | |

माथि उल्लेखित विवरण अनुसार यस नगरपालिका कार्यालयमा संकलित राजश्वलाई १०० प्रतिशत मानि नगरपालिकामा ६० प्रतिशत रकम रु.५५,४१,०३१/- र बाँकी ४० प्रतिशत वडा कार्यालयमा रकम रु.३६,९४,०२१.५७ बाडफाड गरिने र जम्मा संकलित राजश्वको रकम प्रदेश सरकारमा रु.६१,५६,७०२.६२ रहेको देखिन्छ।

९ सुरक्षित नागरिक आवास कार्यक्रम माग गर्ने सम्बन्धमा ।

यस नगरपालिका अन्तर्गत नेपाल सरकार मार्फत सञ्चालित सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत विगत वर्षहरुमा ३०५ घरको छाना निर्माण कार्य भैसकेको र अझै पनि नगरपालिका अन्तर्गत १६०० भन्दा बढी फुसको छाना भएका विपन्न नागरिकको घर धुरी रहेकोले श्री सहरी विकास मन्त्रालय सिंहदरबारमा मिति २०८०।०१।१०। मा १६०० घरधुरी समावेश गरी रकम निकासा माग गरेकोमा हालसम्म स्वीकृत भई नआएकोले पुनः उक्त आयोजना माग गर्ने सर्वसम्मत निर्णय गरियो।

१०. विविध

क) मगर भुम्या स्थान निर्माण व्यबस्थापन समितिले गरेको कार्यक्रम सम्बन्धमा।

चौ. न. पा. वडा न. ७ मगर भुम्या स्थान निर्माण व्यबस्थापन तथा संचालन समिति बाट २०८० सालको माघ १ गते माघी मनाउन विभिन्न कार्यक्रम गरेको हुँदा आर्थिक सहयोग माग गरेकोले जातजाती चाडपर्व प्रबर्द्धन कार्यक्रम शिर्षकबाट रु. ५००००।- उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

ख) निस्क्रिय सहकारी संस्था खारेजी र भुक्तानी फर्छयौर्टको सूचना प्रकाशित गर्ने सम्बन्धमा।

सहकारी ऐन,२०७४ को दफा ८८ उपदफा ३ क मा लगातार दुई वर्षसम्म कुनै कारोवार नगरी निस्कृय रहेको पाईएमा त्यस्तो सहकारीलाई खारेज तथा विघटन गर्न सकिने कानूनी व्यवस्था भएको र तपसिल बमोजिमका सहकारी संस्थाहरुले डिभिजन सहकारी कार्यालय उदयपुरबाट यस नगरपालिकामा कागजात प्राप्त भएदेखि हालसम्म कुनै कागजात नबुझाएको र सहकारी विभागबाट उपलब्ध हुने Cooperative and Poverty related Management Information System (CoPoMIS) को Password लैजान पटक पटक अनुरोध गर्दा हालसम्म उल्लिखित सहकारी संस्थाहरुले कुनै प्रतिक्रिया नजनाएकोले अस्तित्वमा रहे नरहेको जानकारी नभएको हुँदा ति संस्थाहरुको दर्ता खारेजी गर्नु नपर्ने कुनै कारण भए १५ दिनको सूचना प्रकाशित गरी जानकारी माग गर्ने साथै यी सहकारी संस्थाहरुसँग कोही कंसैको हिसाव फछर्यौट हुन बाँकी भएमा के कति कारणले हरहिसाव फर्छयौट नभएको र सो संस्थाका जिम्मेवार सदस्यहरुको विवरण थाहा भएको भए जो सुकै व्यक्तिहरुले प्रमाण सहित नगरपालिकामा जानकारी अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

| सि न | संस्थाको नाम | दर्ता नं | ठेगाना |
|---|---|---|---|
| १ | अन्नपूर्ण कृषि सहकारी संस्था लिमिटेड | ३२।२०६५।०६६ | बसाहा ४ बुधवारे उदयपुर |
| २ | आस्था बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ४७।२०६८।०६९ | बेल्टार २ उदयपुर |
| ३ | उदीयमान बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ३१।२०६७।०६८ | बेल्टार २ उदयपुर |
| ४ | उन्नतशील कृषि सहकारी संस्था लिमिटेड | १३।२०७१।०७२ | हडियाँ ७ उदयपुर |
| ५ | घर गाउँ कृषि सहकारी संस्था लिमिटेड | २६।२०७१।०७२ | बेल्टार बसाहा न पा ८ उदयपुर |

CS CamScanner

| | | | |
|---|---|---|---|
| ६ | डिहवार कृषि सहकारी संस्था लिमिटेड | १२।२०७१।०७२ | हडियाँ ४ उदयपुर |
| ७ | त्रिशक्ति स्वावलम्वन बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ५।२०५६।०५७ | हडियाँ ५ उदयपुर |
| ८ | दिगो कृषि सहकारी संस्था लिमिटेड | ४६।२०६८।०६९ | हडियाँ ५ उदयपुर |
| ९ | दुधकोशी उपभोक्ता सहकारी संस्था लिमिटेड | १२।२०७१।०७२ | चौदण्डी १ उदयपुर |
| १० | निश्चल उपभोक्ता सहकारी संस्था लिमिटेड | ११३ | बसाहा ७ उदयपुर |
| ११ | पारुहाङ्ग कृषि सहकारी संस्था लिमिटेड | ३६ | बेल्टार १ उदयपुर |
| १२ | शिवाई कृषि सहकारी संस्था लिमिटेड | ३१।२०६८।०६९ | सुन्दरपुर २ उदयपुर |
| १३ | साना किसान सहकारी संस्था लिमिटेड | ६।२०५१।०५२ | बसाहा ९ उदयपुर |
| १४ | सिद्धवावा कृषि सहकारी संस्था लिमिटेड | ४१।२०६६।०६७ | सिद्धिपुर ४ बीरेन्द्रबजार उदयपुर |

ग) सूचना अधिकारी सत्य नारायण हुजदारलाई नदीजन्य निर्माण सामग्री लगायतको पाक्षिक तथा मासिक प्रतिवेदन प्रमाणित गर्ने जिम्मेवारी दिने।

प्राकृतिक स्रोतको रुपमा रहेको नदीजन्य पदार्थ ढुङ्गा गिटीको ठेक्का लगाएको भन्दा बढी परिमाणमा उत्खनन् नहोस तोकिएका मापदण्ड अनुसार मात्र उत्खनन् तथा विक्रि वितरण होस भनी नगरपालिका स्तरको प्राविधिक समिति कार्यपालिका मिति २०८०।८।१४ को बैठकाबाट श्री जनकलाल लेखीको संयोजकत्वमा स्थलगत अनुगमन गर्न समिति गठन भइ सकेको छ। निजको राजीनामा स्वीकृत भएकोले मिति को कार्यपालिका बैठकबाट प्रशासन शाखा प्रमुखले सो समितिको संयोजक भए काम गर्ने निर्णय भएको हालसो शाखा प्रमुखमा मोहन कुमार राई सरुवा भइ आउनु भएकोले उहाँको नेतृत्वमा अनुगमन गरी दिएको प्रतिवेदन र अन्य तथ्यांक तथा सुचनाहरु भएमा नै सूचना अधिकारीले नियमानुसार सूचना उपलब्ध गराउन सक्ने हुन्छ।नदीजन्य पदार्थहरुको त्यसै गरी दैनिक उत्खनन तथा निकासीको परिमाण सम्बन्धित नाकामा रहेर एकिन गर्न नगर प्रहरी संयोजक गणेश कार्कीलाई जिम्मेवारी तोकी निजले मासिक प्रतिवेदन दिने गर्नु भएको छासूचनाको हकको प्रयोग गरी विभिन्न व्यक्तिले सूचना माग समेत गर्ने नगरपालिकाको आम्दानीसँग जोडिएको विषय भएकोले लामो समयसम्म प्राकृतिक स्रोतका अभिलेखहरु संरक्षण गरी राख्नु पर्ने र सूचनाको पहुँच सूचना अधिकारीमा हुनु पर्ने सूचनाको हक सम्बन्धी ऐन, २०६५ ले व्यवस्था समेत गरेको हुँदा प्राविधिक समिति र नगर प्रहरी संयोजकले पेश गरेको प्रतिवेदन लगायत प्रमाणिकरण गरी एक प्रति आफै राख्ने र एक प्रति राजश्व शाखामा समेत राख्न लगाउने व्यवस्था मिलाउन सूचना अधिकारी अधिकृत छैठौं श्री सत्य नारायण हुजदारलाई जिम्मेवारी तोक्ने सर्वसम्मत निर्णय गरियो ।

CamScanner

घ) समायोजन भएका लेखा अधिकृत सम्बन्धमा।

महालेखा नियन्त्रक कार्यालय अनामनगरको प स ०७५।०७६ च न १७।३।१२२७ मिति २०७६।०१।२३ को समायोजन संशोधन पत्रानुसार यस नगरपालिकामा समायोजना हुनु भएका लेखा अधिकृत सातौं आनन्द बस्नेत क स न ११२२८७ को हकमा म ले नि का को प स ०७५।७६ च न १४६७ मिति २०७६।०३।०९ को पत्रबाट संघीय मामिलता तथा सामान्य प्रशासन मन्त्रालयमा निजको दरवन्दी राखी यस नगरपालिकामा कामकाज गर्न खटाईएको भए पनि निज कर्मचारी हालसम्म यस नगरपालिकामा हाजिर हुन नआउनु भएकोले नगरपालिकाको काममा बाधा परेको हुँदा निजलाई खोजी गरी कामकाज गर्न पठाई दिनु हुन वा कोशी प्रदेशको स्थानीय सेवा ऐन २०८०-ले स्वीकृत दरवन्दीको रिक्त पदमा कर्मचारी सरुवा गर्ने प्रावधान राखेकोले रहेकोले सो अनुसार गर्न मार्ग प्रशस्त गरीदिनको लागिं महालेखा नियन्त्रक कार्यालय अनामनगर र संघीय मामिता तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

ङ) गत आर्थिक वर्षदेखि सञ्चालनमा रहेको धान पकेट क्षेत्रको कार्यक्रम गत वर्ष सञ्चालन गरिएको क्षेत्रमा हिउँदे धान वाली लगाउन स्वीकृत बजेटभित्र रही सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

च) रोजगार शाखाबाट पेश हुन आएको सो शाखाको निम्न कार्यक्रम सम्बन्धित वडामा सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपशिलः

| वार्ड नं. | आयोजनाको विवरण | श्रोत | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १ विर्ताबाट जाने बाटो निर्माण | प्रमरोका | |
| | कोप्चेदेखि चौदण्डीगढी पदमार्ग निर्माण, चौ.न.पा. -१ | | |
| | वडा नं. १ का मोटरबाटोमा नाली खन्ने तथा बाटो सफा गर्ने | | |
| ३ | भान्जीडाँडा देखि कालीखोला झोलुङ्गेपुल सम्म जोड्ने बाटो निर्माण | प्रमरोका | |
| ४ | जिम हल निर्माण तथा अमरपोखरी सिंचाई विस्तार | प्रमरोका | |
| ६ | सिर्वानी खानेपानीको पाइपलाइन विस्तार तथा सरसफाई | प्रमरोका | |

छ) योजना कार्यान्वयनमा सम्बन्धमा।

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.व ०७९-०८० को वडागत स्वीकृत बार्षिक बजेट तथा कार्यक्रमबाट सम्पादन हुने कामकाजलाई थप व्यवस्थित, जवाफदेही, जिम्मेवारीपुर्ण, पारदर्शी, छिटोछरितो र प्रभावकारी बनाउन वडागत रुपमा विनियोजन भई नगरसभाबाट स्वीकृत भएको बार्षिक बजेटबाट हुने निर्माण कार्य वा मालसमान सोझै खरिद गर्नुपर्दा लगत अनुमान प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गरी स्वीकृत लगत अनुमानको सीमा भित्र रही खुला दररेट माग गरी कोटेशन स्वीकृत गर्ने, तुलनात्मक तालिका पेश र स्वीकृत गर्ने, सम्झौता गरी कार्यदेश दिने र कार्यस्थलको स्थलगत अनुगमन गरी स्थलगत रुपमा कार्यसम्पन्न भएको एकीन गरी भुक्तानीका लागि नगरपालिका समक्ष पेश गर्ने जिम्मेवारी वडालाई प्रदान गर्ने निर्णय गरियो ।

CamScanner